# सिम्रौनगढ नगरपालीकाको कार्यालय
## सिम्रौनगढ, बारा
## बोलपत्र आव्हानको सूचना
(प्रकाशित मिति २०७८/०३/१३)

सिमौनगढ नगरपालिका अन्तर्गत पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारि कार्यक्रम तथा नगरपालिकाको लागत साझेदारिमा निम्न बमोजिमको कार्य बोलपत्र दरभाउबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिएको छ।

शर्तहरु:

१. वोलपत्र फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ नवीकरण भएको निर्माण व्यवसाय इजाजत पत्र, आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म कार्यालय समय भित्र यस कार्यालय बाट खरिद गर्न सकिनेछ।

२. वोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट १२:०० बजे सम्म यस कार्यालयमा बोलपत्र दर्ता गराउन सकिनेछ।रीतपुर्वक समय भित्र प्राप्त वोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्र खरिददाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. वोलपत्रसाथ ठेक्काको लागि तपसीलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा ग्लोबल आइ एम ई बैंक,शाखा सिम्रौनगढमा रहेको धरौटी खाता नं Q ६०४०१००००००३मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत सक्कलै पेश गर्नु पर्नेछ।

४. दर वोलपत्र पेश गर्दा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।

८. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिनेछ।

९. अन्य शर्तहरु प्रचलित ऐन तथा नियमावली वमोजिम हुनेछ।

१०. बोलपत्र सम्बन्धि सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ।

## <u>ठेक्का विवरण</u>

| सि.नं | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु (मु.अ.कर सहित) | जमानत रकम | दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | सिम्रौनगढको रानिवास मठ संरक्षणका लागी पर्खाल निर्माण | ४६,६१,८११।६५ | १३९८५४।- | ३,०००।- | |
| २ | ०२/०७७/०७८ | सिम्रौनगढ पुरातात्विक स्थलका अडिओ भिडियो रेकर्ड तयार गर्न | १५,२५,५००।- | ३८१३८।- | ३,०००।- | |

..............
प्रमुख प्रशासकिय अधिकृत
विरेन्द्र प्रसाद साह